कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश

## मिति २०८०/०६/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- १०९

### बैठकका प्रस्तावहरु

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. राष्ट्रिय परिचय पत्र अभियान खर्च सम्वन्धमा ।

३. विद्यालय व्यवस्थापन अनुदान सम्वन्धमा ।

४. एम्बुलेन्स व्यवस्थापन कार्याविधि सम्वन्धमा ।

५. समसामायिक विविध ।

### निर्णयहरु

१. मिति २०८०/०४/२३ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भई रहेको सन्तोष व्यक्त गरियो ।

२. नगरपालिका क्षेत्रभित्र संचालित राष्ट्रिय परिचय पत्र अभियानमा संलग्न जनशक्तिहरुलाई विभाग एंव जिल्ला प्रशासन कार्यालयवाट अनुरोध भए अनुसार खाना खाजा र आवासको व्यवस्था गर्दा एक स्टेशनको वढीमा रु ७०,०००।- (अक्षेरुपि सत्तरी हजार मात्र) र दुई स्टेशनको वढीमा रु १,२०,०००।- (अक्षेरुपि एक लाख बिस हजार मात्र) नबढ्ने गरि सम्वन्धित वडा कार्यालयद्वारा माग गरी पेश भएको विल बिजक अनुसार भुक्तानि दिने निर्णय गरियो ।

३. विद्यालय संचालन व्यवस्थापन अनुदान कपिलवस्तु नगरपालिकाको नगर सभावाट पारित विद्यालय व्यवस्थापन खर्चको लागि सामुदायिक विद्यालयहरुलाई अनुदान शिर्षकमा विनियोजित रकम मध्ये पहिलो किस्ता स्वरुप गत वर्षमा सोहि शिर्षकमा निकासा भएको रकमको ५० प्रतिशत रकम नवढ्ने गरि हाललाई निकासा दिने र बाँकी अनुदान रकम अनुगमन पश्चात आवश्यकता अनुसार निकासा दिने निर्णय गरियो ।

४. कपिलवस्तु नगरपालिकाको विधायन समितिद्वारा पेश भएको **"कपिलवस्तु नगरपालिकाको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** को स्वीकृत निर्णय गरियो ।

### समसामायिक विविध

१. तौलिहवा बालमन्दिरमा आश्रय लिइरहेका अनाथ बालबालिकाहरुको स्वास्थ्य वीमा पूर्ण रुपमा निशुल्क गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२. यस कार्यालयमा रहेको डोजर संचालन गर्न सवारी चालकको अभाव भएको हुँदा आवश्यक प्रकृया अवलम्वन गरि हेभी सवारी चालक पद १ पदपूर्ति गर्ने निर्णय गरियो ।

३. कार्यालयमा हाल १ जना अमिन कार्यरत रहेको र १ जना अमिनको माग आकृति फारम भरि प्रदेश लोक सेवा आयोगमा पठाइएकोमा हाल सम्म पदपूर्ति नभएको कारण सेवा प्रवाहमा कठिनाई

उंत्पन्न भएकोले लोक सेवा आयोगबाट पदपूर्ति नहुन्जेल सम्मको लागि १ जना अमिन करारमा पदपूर्ति गर्न आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

४. हुलाकि सडक विस्तारको क्रममा विस्थापित भएका स्थानीयवासिहरुलाई कार्यापालिकावाट यस अघि निर्णय भएको रकमको साथै उक्त विस्थापित व्यक्तिहरुलाई प्राविधिक प्रतिवेदनको आधारमा घर निर्माणको लागि जस्तापाता उपलव्ध गराउने निर्णय गरियो ।

५. कपिलवस्तु नगरपालिकाको विधायन समितिद्वारा पेश भएको **"कपिलवस्तु नगरपालिकाको अतिविपन्न स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि, २०८०"** को स्वीकृत निर्णय गरियो ।

६. कपिलवस्तु नगरपालिका अन्तर्गतका सामुदायिक उच्च मा.वि. मा.वि नि.मा.वि तथा प्राथमिक विद्यालयहरुको आ.व.२०७९/८० को लेखापरिक्षण कार्यको प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

७. जमुवार देखि उत्तर पट्टिको नहर बाटो श्री बुद्दज्योति इंग्लिस वोर्डिङ्ग स्कुलबाट सानो सड्वाको नहर बाटो जोड्ने बाटवलाई उचित कालो पत्रे गरि निर्माण गर्नाको लागि शहरी विकाश मन्त्रालय, विकास र खानेपानी, ग्रामिण तथा शहरी विकास मन्त्रालय लुम्विनि प्रदेश र ADB नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

८. कपिलवस्तु नगरपालिकाको विभिन्न वडाहरुमा भएको नियमित कार्यहरुको अतिरिक्त भएका कामहरुको लागि वडा कार्यालयबाट माग भै आएका देहायका कार्यहरुको भुक्तानि गर्ने निर्णय गरियो ।

**क.** वडा नं.३ मा विजुली वत्ति व्यवस्थापनका लागि थप ज्याला वापत रु ९८५०० वडा नं.३ सडक बिजुली व्यवस्थापन खर्च शिर्षक ३११५।- बाट भुक्तानि गर्ने ।

**ख.** वडा नं.१ मा विद्युत हेल्पर सफिउल्ला मियालाई करार सेवा शुल्क खर्च शिर्षक २२४१३ बाट रु ५२३६०।- भुक्तानि गर्ने ।

सुदिप पौडेल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत